मिक्लाजुङ गाउँपालिका, मोरङ

# स्थानीय राजपत्र

खण्ड ९ संख्या ३ मितिः असार १३ गते, २०८२ साल

## भाग-१

मिक्लाजुङ गाउँपालिका

राजपत्रमा प्रकाशन मितिः २०८२।०३।१३

मिक्लाजुङ गाउँपालिकाको नगर प्रहरी ऐन, २०८२ सम्बन्धित सम्पूर्ण सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मिक्लाजुङ गाउँपालिकाको नगर प्रहरी ऐन, २०८२

**प्रमाणिकरण मितिः २०८२।०३।०९**

**प्रस्तावनाः**

मिक्लाजुङ गाउँपालिका क्षेत्रभित्र प्रचलित कानून तथा समय समयमा हुने निर्णय, नियम, मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वयनमा सहयोग र सहजीकरण गर्न, सार्वजनिक तथा निजी सम्पत्तिको सुरक्षा र संरक्षण गरी कानूनी शासन स्थापित गर्दै नागरिकलाई सुरक्षा व्यवस्थाको प्रत्याभूत गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न, गाउँक्षेत्र भित्रका प्राकृतिक तथा सांस्कृतिक साधन स्रोत र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न तथा जुनसुकै बेला आउन सक्ने विपद् तथा अन्य आकस्मिक घटनाहरुको तत्काल सम्बोधन एवम् समन्वय गरी नागरिकको जीउ धनको सुरक्षा गर्दै गाउँबासीलाई स्थानीय सरकारको अनुभूति प्रदान गर्ने उद्देश्यले नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) वमोजिम मिक्लाजुङ गाउँपालिकाको सभाले यो ऐन बनाई कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद– १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मिक्लाजुङ गाउँपालिकाको नगर प्रहरी ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले मिक्लाजुङ गाउँपालिकाको नगर प्रहरी ऐन, २०८२ लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले मिक्लाजुङ गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "सभा" भन्नाले मिक्लाजुङ गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले मिक्लाजुङ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ध्र) "उपाध्यक्ष" भन्नाले मिक्लाजुङ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मिक्लाजुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "नगर प्रहरी" भन्नाले मिक्लाजुङ गाउँपालिकाको नगर प्रहरी सम्झनु पर्दछ ।

(ज) "नगर प्रहरी सेवा" भन्नाले गाउँपालिकाद्वारा गठित नगर प्रहरी सेवालाई सम्झनु पर्दछ ।

(झ) "तोकिएको वा तोकिए वमोजिम" भन्नाले यस ऐन वमोजिम बनेको नियमावली वा कार्यविधि वा निर्देशिका वमोजिम तोकिएको सम्झनु पर्दछ ।

## परिच्छेद– २
## नगर प्रहरी सेवा गठन, सञ्चालन र नियन्त्रण

**३. नगर प्रहरी सेवाको गठनः** (१) गाउँपालिकामा एक नगर प्रहरी सेवा गठन गरिने छ ।

(२) नगर प्रहरी कर्मचारीको दरबन्दी संख्या कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) नगर प्रहरीहरूको सेवाको शर्त कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) नगर प्रहरीहरूको रेखदेख, सञ्चालन र निर्देशन गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(५) कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृतको आदेश र निर्देशन पालन गर्नु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ ।

**४. नगर प्रहरीको पद र तहः** (१) नगर प्रहरीको पद, तह, पोसाक, दर्ज्यानी चिन्ह कार्यपालिकाले तोके बमोजिमको हुनेछ ।

(२) गाउँपालिकाले प्रत्येक नगर प्रहरीको कार्य विवरण बनाउनेछ र सम्बन्धित पदका नगर प्रहरीले सोही आधारमा काम गर्नुपर्नेछ ।

## परिच्छेद– ३
## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

**५. नगर प्रहरीको काम, कर्तव्य र अधिकारः** (१) नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ –

(१) शान्ति सुरक्षा कायम गर्ने सवालमा नेपाल प्रहरी, सशस्त्र प्रहरी सँग समन्वय र सहयोग गर्ने ।

(२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(३) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने ।

(४) गाउँको बजार तथा पार्किङ्गस्थलको रेखदेख र व्यवस्थापन गर्ने,

(५) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्न सहयोग गर्ने,

(६) सार्वजनिक, ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(७) गाउँपालिका क्षेत्रमा हुने आगलागीका घटना नियन्त्रण गर्ने कार्यमा उपलब्ध जनशक्ति, दमकल र अन्य स्रोत साधन सहित तत्काल परिचालन गर्नु परेको अवस्थामा परिस्थिति अनुसार कार्यान्वयन गर्ने गराउने,

(८) विपद् व्यवस्थापन सम्बन्धी घटनाहरूमा परिचालित भई तत्काल खोजी, उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने,

(९) अनधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण गर्ने,

(१०) छाडा घरपालुवा पशुपन्छी नियन्त्रण गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने,

(११) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

(१२) वडाको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने,

(१३) सार्वजनिक आवागमनमा बाधा पुर्याई राखेका निर्माण सामग्री, पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लागेको खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गाउँपालिकामा पेश गर्ने ।

(१४) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडे गलेका खाद्य पदार्थ विक्री वितरणमा रोक लगाउन सहयोग गर्ने ।

(१५) तोकिएको मापदण्ड विपरित सडे गलेका हानिकारक चिज वस्तु विक्री गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने र पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ गाउँपालिकामा पेश गर्ने ।

(१६) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने तर अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ गाउँपालिकामा पेश गर्ने ।

(१७) खतरा उत्पन्न हुने रुख, जोखिम पूर्ण घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र आदेशानुसार गर्न

(१८) वडा समिति, टोल विकास संस्था तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने, गराउने ।

(१९) विना ईजाजत तथा नवीकरण नभई संचालन गरेका पेसा, व्यवसाय भए दर्ता/नवीकरण गर्न लगाउने ।

(२०) नापतौलका सामग्रीको चेक जाँच गर्न र पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने तथा चेक गर्न सहयोग गर्ने

(२१) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता व्यवसायमा हुने गतिविधि निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(२२) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस, डायस, जुवा, तास लगायतका अन्य विकृतिजन्य क्रियाकलापमा रोक लगाउने ।

(२३) गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिको बजार व्यवस्था गर्ने, त्यस्ता व्यापारीहरुको लगत राख्ने ।

(२४) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनि उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२५) गाउँपालिका अन्तर्गतका शाखा, उपशाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशनको कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने

(२६) गाउँमा हुने सभा, समारोह, परम्परा, जात्रा तथा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने,

(२७) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(२८) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद– ४
## तह विभाजन, पदपूर्ति, दरबन्दी खारेज

**६. पद सिर्जना तथा दरवन्दी खारेजः** (१) नगर प्रहरी कर्मचारीको पद सिर्जना तथा दरवन्दी खारेज देहाय बमोजिम हुनेछ

(१) गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरबन्दीहरुको सिर्जना तथा खारेजी कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

(२) दरबन्दी सिर्जना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीले थप गरेको कार्यबोझ आर्थिक अवस्था, क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट उल्लेख गरी कार्यपालिका समक्ष प्रमुख प्रशासकीय अधिकृतले पेश गर्नु पर्नेछ ।

(३) आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी प्रचलित कानुन बमोजिम सेवा करार मार्फत नगर प्रहरीको सेवा लिन सक्नेछ ।

(४) वडा कार्यालयहरुमा समेत नगर प्रहरीको क्रमशः व्यवस्था गरिनेछ ।

**७. नगर प्रहरीहरुको सेवा करार सम्बन्धी व्यवस्थाः** नगर प्रहरीको देहायका पदहरु आवश्यकताका आधारमा गाउँ कार्यपालिकाको निर्णय अनुसार गाउँ कार्यपालिकाको कार्यालयले सेवा करारमा खुल्ला प्रतियोगिताद्वारा लिईनेछ ।

(क) नगर प्रहरी निरीक्षक

(ख) नगर प्रहरी नायब निरीक्षक

(ग) नगर प्रहरी सहायक निरीक्षक

(घ) नगर प्रहरी हवलदार

(ङ) नगर प्रहरी जवान

८. **सेवा करार गर्ने अधिकारीः** पदपूर्ति समितिको सिफारिसमा छनौट भएका नगर प्रहरीलाई प्रमुख प्रशासकीय अधिकृतले सेवा करार गर्नेछ ।

९. **उम्मेद्वारको योग्यता सम्बन्धी व्यवस्थाः** खुल्ला प्रतियोगितामा भाग लिने उम्मेद्वारको योग्यता देहाय बमोजिमको हुनु पर्नेछः

(क) नगर प्रहरी निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची १ बमोजिम हुनेछ ।

(ख) नगर प्रहरी नायब निरीक्षकको पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची २ बमोजिम हुनेछ ।

(ग) नगर प्रहरी सहायक निरीक्षकको पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची ३ बमोजिम हुनेछ ।

(घ) नगर प्रहरी हवलदार तथा जवान पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची ४ बमोजिम हुनेछ ।

१०. **पदपूर्ति समितिः** (१) पदपूर्ति समिति देहाय बमोजिम हुनेछ

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कार्यालयको अधिकृत स्तरको कर्मचारी– संयोजक

(ख) गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखाका प्रमुख – सदस्य

(ग) पालिका भित्र रहेको इलाका प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको प्रहरी अधिकृत – सदस्य

(घ) गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखाका प्रमुख – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा पदपूर्ति समितिले आवश्यकतानुसार विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

११. **पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः** पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ

(१) पदपूर्तिको लागि पाठ्यक्रम निर्धारण गर्ने,

(२) पदपूर्ति कार्यतालिका बनाउने,

(३) परीक्षाको किसिम तोक्ने,

(४) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(५) सेवा करारका लागि सिफारिस गर्ने,

(६) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तलाई पदपूर्ति समितिले अवलम्बन गर्नु पर्नेछ,

(७) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि करारमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि सो समितिको निर्णय अनुसार बनाउन सक्नेछ ।

**१२. सेवा करारका लागि सिफारिस गर्नेः** उम्मेदवारहरुले प्राप्त गरेको अंकको आधारमा छनोट गरी पदपूर्ति समितिले सेवा करारका लागि गाउँपालिकामा सिफारिस गर्नेछ ।

**१३. दरवन्दी खारेजः** मौजुदा दरबन्दी मध्ये कुनै दरबन्दी आवश्यक नभएमा गाउँ कार्यपालिकाले त्यस्तो दरबन्दी खारेज गर्न सक्नेछ ।

## परिच्छेद– ५
## आचरण सम्वन्धी व्यवस्था

**१४. दान दातव्य चन्दा उपहार तथा आथिक सहायता लिन नहुनेः** नगर प्रहरीले गाउँ कार्यपालिकाको पूर्व स्वीकृति बिना कुनै पनि विदेसी वा स्वदेशी संघ संस्था वा निकायबाट कुनै प्रकारको दान दातव्य, चन्दा, उपहार, पुरुस्कार वा आर्थिक सहायता लिन पाइने छैन ।

**१५. सम्पत्ति विवरण पेश गर्नुपर्नेः** नगर प्रहरीले सेवा करार सम्झौता भएको मितिले दुई महिना भित्र र प्रत्येक आर्थिक वर्ष सुरु भएको ६० दिन भित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण पेश गर्नु पर्नेछ ।

**१६. व्यापार व्यवसाय गर्न नहुनेः** नगर प्रहरीले पूर्व स्वीकृति वेगर कुनै पनि व्यापार व्यवसाय गर्न पाउने छैन ।

**१७. गोपनीयताः** (१) नगर प्रहरीले आफ्नो कर्तव्यको पालनाको सिलसिलामा स्थानीय तह वा गैहसरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी दिई गोपनीयता भंग गर्नु, गराउन पाउने छैन ।

(२) नगर प्रहरीले गाउँपालिकाको अनुमति बिना कुनै पत्रपत्रिकामा वा कुनै किसिमको सामाजिक सञ्जालमा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न पाउने छैन तर साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक र व्यवसायिक विषयको सामाग्री भएमा प्रकाशन वा प्रशासरण गर्न बाधा पर्ने छैन ।

**१८. गाउँपालिकाको आलोचना गर्न नहुनेः** नगर प्रहरीले गाउँपालिकाको नीति विपरित आँच आउने गरी विचार व्यक्त गर्ने संवाद, लेख, रचना वा समाचार प्रकाशन गरी गाउँपालिका वा कसैको आलोचना गर्न पाउने छैन ।

**१९. निर्वाचनमा भाग लिन नहुनेः** नगर प्रहरीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभावमा पार्न पाउने छैन तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट गर्न पाउने छैन तर प्रचलित कानुन वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

**२०. राजनीतिमा भाग लिन नहुनेः** नगर प्रहरीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न,राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न पाइने छैन ।

**२१. समयपालना र नियमितताः** नगर प्रहरीले समयमा नियमित रुपमा हाँजिर हुनु पर्नेछ र अग्रिम रुपमा विदा स्वीकृत गराएर मात्र विदामा बस्नु पर्नेछ ।

२२. **अनुशासन र आज्ञापालनः** (१) नगर प्रहरीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नुपर्नेछ ।

(२) नगर प्रहरीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफू भन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नुपर्नेछ ।

(३) नगर प्रहरीले चेन अफ कमाण्डका आधारमा एकात्मक आदेशमा रही कार्यसम्पादन गर्नुपर्नेछ ।

२३. **बाहिरी प्रभावमा पार्न नहुनेः** नगर प्रहरीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्न वा पार्ने प्रयत्न गर्न पाइने छैन ।

२४. **लैंगिक संवेदनशील हुनुपर्नेः** नगर प्रहरीले लैंगिक संवेदनशीलतामा ध्यान दिनु पर्नेछ ।

२५. **हातपात वा जोरजुलुम गर्न नहुनेः** नगर प्रहरीले आफूभन्दा माथिल्लो वा मातहतका नगर प्रहरी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन पाइने छैन ।

## परिच्छेद– ६

## सजाय र पुनरावेदन

२६. **सजायः** यस ऐनमा उल्लेखित व्यवस्था विपरित वा आचरण उल्लंघन गरेको भन्ने मनासिव माफिकको आधार प्रमाणित भएमा नगर प्रहरीलाई देहायबमोजिम सजाय हुन सक्नेछः–

(क) सिनियर प्रहरी कर्मचारीको निर्देशन वमोजिम शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने,

(ख) नसिहत दिने,

(ग) सेवा सुविधा रोक्का राखे,

(घ) लापरबाहीको कारण गाउँपालिकालाई हानी नोक्सानी भएको ठहर भएमा विगो बमोजिमको रकम असुल उपर गर्ने,

(ङ) सेवा करार भङ्ग गर्ने ।

२७. **नसिहत दिने वा प्रतिकूल राय लेखेः** नगर प्रहरीले काममा साधारण लापरबाही गरेमा नसिहत दिन सकिनेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरबाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

२८. **सेवाकरार भङ्ग गर्न सकिनेः** देहायको अवस्थामा नगर प्रहरीको सेवा करार भङ्ग गर्न सकिने छ ।

(क) सन्तोषजनक काम नगरेमा

(ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा,

(ग) आचरण उल्लंघन गरेमा,

(घ) आदेश निर्देशन पालना वा कार्यान्वयन नगरेमा ,

(ङ) मनासिव कारण नभई वा विदा स्वीकृत नगराई गैर हाजिर भएमा,

(च) झुट्टा विवरण पेश गरेको ठहर भएमा,

(छ) पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा ।

२९. **सजाय सम्बन्धी कार्यविधिः** (१) नगर प्रहरीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ र जाँचबुझ गर्ने अधिकारीले

आवश्यकतानुसार सम्बन्धित नगर प्रहरीसँग समेत बुझी सबुद प्रमाण सहित आफ्नो ठहरको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको नगर प्रहरी पुर्पक्षको अवधिभर स्वतः निलम्वित हुनेछ ।

(४) प्राकृतिक न्यायको सिद्धान्त समेतका आधारमा सजायको प्रक्रिया अवलम्बन गर्नु पूर्व नगर प्रहरीलाई सफाइको मौका दिनुपर्ने छ ।

(५) फौजदारी अभियोग लागेको नगर प्रहरीले अभियोगबाट सफाई पाएमा निजले पूर्ववत सेवा सुविधा पाउने छ।

३०. **जाँचबुझ गरी सजायको आदेश दिन सक्नेः** नगर प्रहरीलाई निजसँग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समय भित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण चित्त बुझ्दो नभएमा थप आवश्यक जाँचबुझ गरी सजाय दिने अधिकारीले सजाय दिन सक्नेछ र सजाय आदेशको एक प्रति निजलाई उपलब्ध गराउनुपर्नेछ ।

३१. **पुनरावेदनः** (१) प्रमुख प्रशासकीय अधिकृतले गरेको कारवाही उपर चित्त नबुझेमा सात दिन भित्र गाउँपालिका अध्यक्ष मार्फत गाउँ कार्यपालिकामा पुनरावेदन गर्न पाउनेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजूरी उपर गाउँ कार्यपालिकाले बढीमा २ महिना भित्र निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (१) वमोजिम परेको पुनरावेदन उपर गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद– ७

## पोसाक, तलव, सेवा सुविधा, विदा र अवकाश

३२. **पोसाक तथा वन्दोवस्ती सम्वन्धी व्यवस्थाः** नगर प्रहरीको पोसाकको रंग, किसिम, बन्दोबस्ती र अन्य विवरण कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३३. **तलव स्केल तथा सेवा सुविधाः** नगर प्रहरीहरुको तलव स्केल तथा अन्य सेवा सुविधा सेवा करारमा उल्लेख भए अनुसार हुनेछ ।

३४. **विदा सम्वन्धी व्यवस्थाः** (१) नगर प्रहरीहरुले देहाय बमोजिको विदा तोकिए बमोजिम पाउनेछन्

(क) घर विदाः तीस दिन काम गरे वापत एक दिन

(ख) विरामी विदाः वर्षको १२ दिन

(ग) किरिया विदाः आफ्नो परम्परा र रितिरिवाज अनुसार बढीमा १५ दिन सम्म

(घ) प्रसुती विदाः साठी दिन (सेवा अवधि भरमा बढीमा दुई पटक मात्र)

(२) उपदफा (१) बमोजिमको विदा सहुलियत मात्र हो । अधिकार होइन । नगर प्रहरीले यस दफालाई अधिकारको रुपमा दावी गर्न पाउने छैन ।

(३) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरीलाई निजको स्वीकृत विदा रद्द गरी फिर्ता बोलाई काममा लगाउन सक्नेछ ।

(४) यस दफा वमोजिम दिइने कुनै पनि किसिमको विदा सञ्चित हुने छैन र कुनै किसिमको थप सुविदा समेत दावी गर्न पाइने छैन । सो विदा सोही आर्थिक वर्ष स्वतः समाप्त भएर जानेछ ।

## परिच्छेद– ८
## विविध

३५. **पुरस्कार तथा प्रोत्साहनः** नगर प्रहरीले कर्तव्य पालनको सिलसिलामा उल्लेखनीय, प्रशंसनीय कार्य गरेमा त्यस्तो नगर प्रहरीलाई पुरस्कार तथा प्रोत्साहन स्वरुप रकम वा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ ।

३६. **दशैं खर्च पाउनेः** (१) नगर प्रहरीले सेवा करारमा उल्लेख भए बमोजिमको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष एक महिनामा खाइपाइ आएको पारिश्रमिक बराबरको रकम चाडपर्व खर्च पाउने छ ।

(ख) नगर प्रहरीलाई तोकिए वमोजिमको सिजन अनुसार लगाउने पोशाक पाउनेछ ।

(ग) नगर प्रहरीको पूरै समय गाउँपालिकाको रहने गरी चौबिसै घण्टा तैनाथ रहे वापत तोकिए वमोजिमको राशन खर्च समेत उपलव्ध गराइने छ ।

(घ) यस ऐन वमोजिम नियुक्त भएका नगर प्रहरीहरुको निवृत्त जीवनको सुनिश्चितताका लागि गाउँ सभाले सामाजिक सुरक्षा कोषको कानून वमोजिम सेवा सुविधा प्रदान गर्न सक्नेछ ।

३६. **थप व्यवस्थाः** नगर प्रहरीको सेवा, शर्त, सुविधा र सञ्चालन यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

३७. **ऐन संशोधनः** यस ऐनमा आवश्यक संशोधन गाउँपालिकाको गाउँसभाले गर्न सक्नेछ ।

३८. **नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

३९. **बचाउः** (१) नगर प्रहरी सम्बन्धी यस अघि भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

(२) मिक्लाजुङ गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन कार्यविधि, २०७७ मा भएका व्यवस्थाहरु यस ऐनमा बाझिएको हद सम्म बदर भागी हुनेछ बाँकी यसै कानून वमोजिम भए सरह हुनेछ ।

# अनुसूची १
## (दफा ९ (क) सँग सम्बन्धित )

**नगर प्रहरी निरीक्षक पदको लागि आवश्यक न्यूनतम योग्यता**

- नेपाली नागरिक,
- मान्यता प्राप्त शैक्षिक संस्थावाट स्नातक वा सो सरह उत्तीर्ण गरेको र भूतपूर्व जनपद र सशस्त्र प्रहरी, नेपाली सेना, भारतीय सेना वा ब्रिटिस सेना बाट अवकास भएको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिइनेछ,
- उमेर २१ वर्ष पूरा भई २५ वर्ष ननाघेको, भूतपूर्व जनपद र सशस्त्र प्रहरी, नेपाली सेना, भारतीय सेना वा ब्रिटिस सेना बाट अवकास भएको हकमा ४५ वर्ष ननाघेको,
- कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र भएको,
- सम्बन्धित इलाका प्रहरी वा वडाबाट जारी भएको चारित्रिक प्रमाणपत्र,
- पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१– ३३, तौल ५० के.जी र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

# अनुसूची २
## (दफा ९ (ख) सँग सम्बन्धित )

**नगर प्रहरी नायब निरीक्षकको आवश्यक न्यूनतम योग्यता**

- नेपाली नागरिक,
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट +२ वा सो सरह उत्तिर्ण गरेको र भूतपूर्व जनपद र सशस्त्र प्रहरी, नेपाली सेना, भारतीय सेना वा ब्रिटिस सेना बाट अवकास भएको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिइनेछ,
- उमेर १८ वर्ष पूरा भई २४ वर्ष ननाघेको, भूतपूर्व जनपद र सशस्त्र प्रहरी, नेपाली सेना, भारतीय सेना वा ब्रिटिस सेना बाट अवकास भएको हकमा ४५ वर्ष ननाघेको,
- कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र भएको,
- सम्बन्धित इलाका प्रहरी वा वडाबाट जारी भएको चारित्रिक प्रमाणपत्र,
- पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१– ३३, तौल ५० के।जी र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के।जी भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

## अनुसूची ३
(दफा ९ (ग) सँग सम्बन्धित )

**नगर प्रहरी सहायक निरीक्षकको आवश्यक न्यूनतम योग्यता**

- नेपाली नागरिक,
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको र भूतपूर्व जनपद र सशस्त्र प्रहरी, नेपाली सेना, भारतीय सेना वा ब्रिटिस सेना बाट अवकास भएको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिइनेछ,
- उमेर १८ वर्ष पूरा भई २४ वर्ष ननाघेको । भूतपूर्व जनपद र सशस्त्र प्रहरी, नेपाली सेना, भारतीय सेना वा ब्रिटिस सेना बाट अवकास भएको हकमा ४५ वर्ष ननाघेको,
- कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाणपत्र भएको,
- सम्बन्धित इलाका प्रहरी वा वडा बाट जारी भएको चारित्रिक प्रमाणपत्र,
- पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१– ३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

## अनुसूची ४
(दफा ९ (घ) सँग सम्बन्धित)

**नगर प्रहरी, हवल्दार तथा जवानको लागि आवश्यक न्यूनतम योग्यता**

- नेपाली नागरिक,
- मान्यता प्राप्त शैक्षिक संस्थावाट दश कक्षा वा सोसरह उत्तीर्ण गरेको र भूतपूर्व जनपद र सशस्त्र प्रहरी, नेपाली सेना, भारतीय सेना वा ब्रिटिस सेना बाट अवकास भएको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिइनेछ,
- उमेर १८ वर्ष पूरा भई २१ वर्ष ननाघेको, भूतपूर्व जनपद र सशस्त्र प्रहरी, नेपाली सेना, भारतीय सेना वा ब्रिटिस सेना बाट अवकास भएको हकमा ४५ वर्ष ननाघेको,
- कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र भएको,
- सम्बन्धित इलाका प्रहरी वा वडाबाट जारी भएको चारित्रिक प्रमाणपत्र,
- पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१– ३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

आज्ञाले
तुलराज थापा मगर
प्रमुख प्रशासकीय अधिकृत